प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**साक्षर समाज-सक्षम राष्ट्र ।**

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौ, प्रगतिको पथमा लम्किऔं ।'

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १८९ ॥ २०८२ भाद्र ०४ गते बुधवार (20th Aug 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## झापामा एकैदिन पाँचवटा दुर्घटना

# दुईजनाको मृत्यु, तीनजना घाइते

झापा(प्रस) । झापामा एकैदिन पाँचवटा दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् । बुद्धशान्ति -४ बर्नेस्थित मेची राजमार्गमा स्कोरपियोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको हो । मंगलवार दिउँसो अन्दाजी ३:३० बजे बुद्धशान्ति -४ बर्नेस्थित मेची राजमार्गमा इलामबाट बुधबारेतर्फ आउँदै गरेको बीआर ५५८५०० न. को भारतीय स्कोरपियो र बिपरित दिशातर्फ जाँदै गरेको प्र.१-०१-०१६प.३६६१ न.को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक बुद्धशान्ति -१ बस्ने ४६ वर्षीय ठाकुर अधिकारी गंभीर घाइते भएका थिए । उनलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा साँझ ५;४० बजे उपचारको क्रममा मृत्यु भएको हो ।





स्कोरपियो, मोटरसाइकल र स्कोरपियो चालक रौतहट बृन्दावन नगरपालिका -२ बस्ने ३४ वर्षीय प्रमोद पटेललाई इलाका प्रहरी कार्यालय बुधबारेले नियन्त्रणमा लिएको छ ।

त्यस्तै दमकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा रहेका श्रीमतीको मृत्यु भएको छ भने श्रीमान घाइते भएका छन् । मंगलवार बिहान अन्दाजी ८ बजे दमक पशुहाटस्थित पूर्वपश्चिम लोकमार्गमा दमकबाट पाडाजुँगीतर्फ आउँदै गरेको प्र१-०२-००२ ख०९१२ न. को बन्दाकोपी बोकेको मालवाहक ट्रकले विपरित दिशाबाट जाँदै गरेको प्र१-०१-०१२ प ९३१२ न. को मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक कमल गाउँपालिका ५ बस्ने ४३ वर्षीय सुकदेव गौतम घाइते भएका छन् भने मोटरसाइकलमा पछाडी सवार उनकी श्रीमती ४२ वर्षीया मुना गौतमको घटनास्थलमा नै मृत्यु भएको हो । मोटरसाइकल चालक गौतमको बायाँ खुट्टामा सामान्य चोट लागेको छ । उनलाई उपचारको लागि दमक अस्पताल दमक पठाइएको छ ।

घटना भएको खबर इलाका प्रहरी कार्यालय दमकमा प्राप्त हुनासाथ डीएसपी रामप्रसाद तिमल्सिनाको कमाण्डमा टोली खटिएर मृतकको शव दमक अस्पताल दमकको शवगृहमा राखेको थियो । ट्रक चालक तेह्रथुम लालीगुँरास नगरपालिका ४ बस्ने २५ वर्षीय आङ्दावा शेर्पासहित ट्रक र मोटरसाइकल इप्रका दमकको नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

त्यस्तै कचनकवल गाउँपालिका हुँदै हल्दिबारी गाउँपालिका जोड्ने चारकोशे जंगलमा मंगलवार दिउँसो कार र मोटरसाइकल ठोक्किएर दुर्घटना भएको छ। प्रदेश नं. १ च ०९५ नम्बरको कार र हिरो मोटरसाइकल एक-अर्कामा ठोक्किएका हुन्। दुर्घटनास्थल कचनकवलबाट करिब ५०० मिटरभित्रको टर्निङ पोइन्टमा पर्छ। घना झाडीले अगाडि नदेखिने र बाटो साँघुरो तथा घुमाउरो भएकाले दुर्घटना भएको स्थानीयले बताएका छन्। सो क्रममा जलथल जाने एवं बिपरित दिशातर्फ आउँदै गर्दा दुईवटा सवारी साधन एक-अर्कासँग ठोक्किएका हुन्।

मानवीय क्षति नभए पनि दुबै सवारीमा ठूलो क्षति पुगेको छ। स्थानीयवासीले सो सडक खण्डमा बारम्बार दुर्घटना हुने गरेको बताउँदै तीव्र गति, साँघुरो सडक र लगातार घुम्तीका कारण जोखिम बढेको गुनासो गरेका छन् ।

त्यस्तै मंगलवार दिउँसो १;४५ बजे बाह्रदशी गाउँपालिका ६ मोतीगडामा सिमल चौकबाट बिर्तामोडतर्फ आउँदै गरेको मे ५ प ५६३० को मोटरसाइकल र बिपरित दिशाबाट जाँदै गरेको मे ६ प ५००२ नं. को अर्को मोटरसाइकल एक आपसममा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मे ५ प ५६३० को मोटरसाइकल चालक बाह्रदशी वडा नं. ७ बस्ने ३२ वर्षीय बिजय कडरिया सकुशल रहेका छन् । सोही मोटरसाइकलमा पछाडी सवार १८ वर्षीय मुस्कान भट्टराई घाइते भएका छन् । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पठाइएको छ । उपचारमा मे ६ प ५००२ नं. को मोटरसाइकल चालक बाह्रदशी वडा नं.६ बस्ने ३८ वर्षीय सुजन काङ्वाङ संलग्न रहेका छन् । दुबै मोटरसाइकल नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय घैलाडुब्बामा राखिएको छ ।

त्यस्तै दमकमा साइकलबाट लडेर एक वृद्धा घाइते भएकी छन् । मंगलवार दिउँसो १;३० बजे दमक ४ तारावारी चोकस्थित भित्री सडकखण्डमा सोही ठाउँ बस्ने छिमेकी २१ वर्षीय विकास परियारले ७२ वर्षीया गंगामाया विश्वकर्मालाई साइकलमा पछाडी राखी तारावारी चोकबाट मदन भण्डारी स्कुलतर्फ लाने क्रममा अचानक साइकलबाट लडेकी थिइन् । घाइते वृद्धालाई उपचारको लागि अरनिको अस्पताल उर्लावारी पठाइएको छ । साइकल चालक परियार साइकल लिई फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# उद्धारमा संलग्न व्यक्तिले घाइतेको गहना चोरेपछि......

झापा(प्रस) । सडक दुर्घटना भइहाले उद्धारको निहुँ पारेर चोरी गर्न सकिन्छ कि भनेर नियत भएका व्यक्तिहरु समाजमा धेरै छन् । त्यस्ता व्यक्तिहरुको फेला पर्दा दुर्घटनामा परेका धेरै घाइते र मृतकहरुको नगद, गरगहना र अन्य सामान हराएको छ ।

उद्धारको निहुँमा चोरी गरेपनि त्यस्ता व्यक्तिहरु विरलै कानुनी कार्वाही पर्ने गरेका छन् । तर, झापा शिवसताक्षीको झिलझिलेमा दुर्घटनामा परेका घाइतेको गहना चोरी गर्ने दुईजनालाई पत्ता लगाई प्रहरीले पक्राउ गरेको छ ।

गत साउन २९ गते कमल गाउँपालिका वडा नं. ६ बस्ने ३० वर्षीय मनोज लिम्बू दोमुखाबाट घरतर्फ फर्कने क्रममा शिवसताक्षी नगरपालिका वडा नं. ८ स्थित झिलझिले बजारमा स्कुटर अनियन्त्रित भई दुर्घटनामा परेका थिए । स्थानीयहरुले देखेर एम्बुलेन्समा हाल्दै गर्दा घाइते लिम्बूले घाँटीमा लगाएको ५६ ग्राम २५ मिलिग्रामको सुनको सिक्री हराएको थियो ।

उनले साउन ३१ गते इलाका प्रहरी कार्यालय झिलझिलेमा निवेदन दिएका थिए । प्रहरीले खोजी गर्ने क्रममा उक्त सुनको सिक्री घाइतेको उद्धारमा संलग्न शिवसताक्षी नगरपालिका वडा नं. ८ बस्ने २८ वर्षीय सुरज हलुवाई र सोही ठाउँ बस्ने २६ वर्षीय गोबिन हाङ लिम्बूले चोरी गरी लगेको खुल्न आएको थियो । उनीहरुलाई खोजी गर्ने क्रममा ३९ ग्राम २२ मिलिग्राम तौल भएको सुनको सिक्रीको टुक्रा र नेपाली नगद ३० हजारसहित आइतवार साँझ ६:३५ बजे शिवसताक्षी नगरपालिका वडा नं. ८ गणेश चौकबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मुलुकी अपराध संहिता २०७४ अन्तर्गत चोरी कसुरमा अनुसन्धानको लागि सोमवार जिल्ला अदालत झापाबाट ५ दिन म्याद अनुमति लिइ अनुसन्धान भइरहेको डीएसपी खगेन्द्र खड्काले बताएका छन्।

# पेट्रोल छर्किएर आगो लगाएकी शोभाको मृत्यु

दमक(प्रस)। आफ्नो शरीरमा पेट्रोल छर्किएर आत्मदाहको प्रयास गरेकी झापा दमककी ३० वर्षीया शोभाकुमारी साहको मृत्यु भएको छ ।

सोमवार राति बीएण्डसी अस्पताल बिर्तामोडमा उनको मृत्यु भएको दमक प्रहरीले पुष्टि गरेको छ । दमक अस्पताल दमकमा सामान्य उपचारपश्चात् उनलाई धरान लगिएको थियो । धरानमा चिकित्सक नभएपछि उनलाई फर्काएर बीएण्डसी अस्पताल ल्याइएको थियो । सोमवार दिउँसो ४:३० बजे दमक नगरपालिका-१ भानुभक्त चोक बस्ने मनोज साहकी श्रीमती शोभाकुमारी साहले आफ्नै तीनतले पक्की घरको दोस्रो तलामा आफू सुत्ने कोठाको ढोका थुनेर पेट्रोल आफ्नो शरीरमा छर्की आगो लगाएकी थिइन् ।





छोरीसहित बेपत्ता भएकी शोभाकुमारीले करिव एक महिनापछि घर फर्किएर आत्मदाह गरेको खुल्न आएको छ । हिजै घर फर्किएर उनले आफ्नो शरीरमा पेट्रोल छर्किएर आगो लगाएको प्रहरीले जनाएको छ ।

शोभा मनोजकी कान्छी श्रीमती हुन् । पहिलो श्रीमतीको निधनपछि मनोजले भारतको मुजफ्फरपुरबाट शोभालाई बिहे गरेर ल्याएका थिए । उनीहरूबिच केही समयदेखि घरायसी विवाद थियो । गत असार ३२ गते बिहान करिब ९ बजे शोभा मनोजकी जेठी श्रीमतीकी छोरी सुरभीलाई लिएर बेपत्ता भएकी थिइन्। मनोजले आमाछोरी बेपत्ता भएको भनी इलाका प्रहरी कार्यालय दमकमा निवेदन दिएका थिए । आमाछोरी घरबाट बेपत्ता भएको ६ दिनपछि छोरी सुरभी भारत सिलिगुडीको सूर्यसेन पार्कभित्र एक्लै बसिरहेको अवस्थामा फेला परेकी थिइन्। शोभाले नै सुरभीलाई त्यहाँ छोडेर गएको पार्कको सिसी टिभी फुटेजको आधारमा प्रहरीले पहिचान गरेको थियो । छोरी फेला परेपछि कानुनी प्रक्रिया पूरा गरी मनोजले छोरीलाई लिएर आएका थिए । तर, शोभा भने त्यहाँ फेला परेकी थिइनन् । उनी सोमवार मात्र घर फर्केकी थिइन् ।

# बैंकिङ कसुरमा बिर्ताबजारका चेम्जोङ पक्राउ



झापा(प्रस)। बैंकिङ कसुरमा झापाको बिर्तामोड- ३ बिर्ताबजारमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा पाँचथर फाल्गुनन्द गाउँपालिका वडा नं.२ घर भई हाल बिर्तामोड वडा नं. ३ बिर्ताबजारमा डेरा गरी बस्ने ४४ वर्षीय दिलकुमार चेम्जोङ रहेका छन् ।

मंगलवार बिहान ७;३० बजे प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले चेम्जोङलाई उनकै डेराबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौंको साउन २७ गतेको अनुमति पत्र प्राप्त भई बैकिङ कसुर मुद्दामा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । चेम्जोङमाथि १८ लाख रुपैयाँको चेक बाउन्स गरेको आरोप रहेको छ ।

# मोरङमा मोटरसाइकल चोरी ,झापामा पक्राउ

झापा(प्रस)।मोरङमा मोटरसाइकल चोरी गरी भारततर्फ लाँदै गर्दा मेची पुलमा दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा गौरीगन्ज गाउँपालिका वडा नं. ५ बस्ने २० वर्षीय रोम भन्ने प्रकाश यादव र बिर्तामोड नगरपालिका वडा नं. १ बस्ने २० वर्षीय ओमप्रकाश खड्का रहेका छन् ।

गत साउन ३० गते राति १२ बजे उनीहरुले मोरङ रतुवामाई नगरपालिका वडा नं. ४ आमबारी चोक बस्ने पुष्पमाया खतिवडाको आफ्नो घर कम्पाउण्डमा पार्किङ गरी राखेको ३० प ९६७७ नम्बरको मोटरसाइकल चोरेका थिए ।



मोटरसाइकल चोरी गरी भद्रपुरतर्फ ल्याएको भन्ने सूचनाको आधारमा सोमवार भद्रपुर नगरपालिका वडा नं. ५ स्थित मेची पुलमा चेकप्वाईन्ट खडा गरी प्रहरीले चेकजाँच गरेको थियो ।

त्यसक्रममा उक्त चोरी भएको मोटरसाइकलमा यादव र खड्का सवार भई भारततर्फ जाँदै गरेको अवस्थामा प्रहरीले फेला पारेको हो । मोटरसाइकलसहित चोरीमा संलग्न यादव र खड्कालाई पक्राउ गरी आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय सिजुवा मोरङ पठाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# झापाका सबै पालिकामा स्वास्थ्य बिमा लागू




झापा(प्रस) । झापा गाउँपालिकासंग संझौता भएसंगै जिल्लाका १५ वटै पालिकामा स्वास्थ्य बिमा लागू भएको छ ।

भदौ १ गते झापा गाउँपालिकामा स्वास्थ्य बिमा लागू गर्ने संझौता भएको हो । यसअघि जिल्लाका १४ वटा पालिकामा स्वास्थ्य बिमा लागू भएर झापा गाउँपालिकामा बिमा कार्यक्रम संचालन भएको थिएन । झापा गाउँपालिकाले संझौता गरेसंगै जिल्लाभरि नै स्वास्थ्य बिमा लागू भएको बिमा बोर्ड झापा शाखाकी प्रमुख लक्ष्मी कँडेलले बताइन् ।

२०७४ सालमा पहिलो पटक भद्रपुर नगरपालिकाले स्वास्थ्य बिमा लागू गरेको थियो । त्यसपछि अन्य पालिकाहरुले बिमा कार्यक्रम संचालन गरेका थिए । झापाका ७६ प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेको कार्यालय प्रमुख कँडेलले बताइन् ।

७ लाख ५६ हजार २४ जनाले शुल्क तिरेर स्वास्थ्य बिमा गरेका छन् भने ५० हजार ४७६ जना ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ ।

२०७८ को जनगणना अनुसार झापाको जनसंख्या ९ लाख ९८ हजार ५४ रहेको छ । स्वास्थ्य बिमा गराउनका लागि जिल्लाका १३१ वटा वडामा १७८ जना दर्ता सहयोगी रहेका छन् ।

**Rong Rural Municipality**
**Office of Municipal Executive**
**Paharigaun Ilam**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**
First Date of publication: 20-08-2025 (2082-05-04) 10:00 hr

Rong Rural Municipality Invites electronic bids from eligible bidders for the procurement of the following goods under National Competitive Bidding (NCB) Procedures.

| Contract ID | Description | Estimated Amount NRs. (Including Vat) | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission /Opening Date & Time |
|---|---|---|---|---|---|
| RRM/ ILAM /NCB/GOODS / 2082 / 083-02 | Supply and Delivery of Hume Pipe | 2987525.88 | 75000& 120 days from deadline | 3000/- | 2025-09-21 13:00 HR/ 2025-09-21 14:00 HR |

Eligible Bidders may obtain further information from the office of Rong Rural Municipality. Paharigaun Ilam or may visit e-GP system: www.bolpatra.gov.np/esp
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Nepal Investment Mega Bank Ltd.
**Name of Office:** Rong Rural Municipality, Ilam
**Office Code No:**
**Office Accourt No:** 18001400000086
**Office Account Name:** GA 1.1 RONG GA PA AANTARIK RAJASWO KHATA (For Bidding Document)
**Account Number:** 18001-400000055
**Account Name:** RONG GA PA DHARAUTI KHATA-GA 3 (For bid security)
**Contact No:** 9852640160

**- Chief Administrative Officer**

## सम्पादकीय

# तीज हुँदा खानेको पनि हो

**तीज हिन्दु महिलाहरुका लागि महत्ववूर्ण चाड हो । पछिल्लो समय तीजको संस्कृति पनि विकृतितिर धकेलिँदै गएको देखिन्छ । समाजमा हरेक महिलाहरुलाई अवसर दिने हो भने पुरुषभन्दा अघि बढ्ने क्षमता राख्छन्, तर महिलाका लागि यही तीजको एक दिन मात्रै उत्साह, उमङ्ग, जोश जाँगर बढाएर रमाइलो गर्न पाउने देखिएको छ ।**

**तीजमा शिव भगवानको आराधना गरेर राम्रो श्रीमान् पाउन ध्यान साधना गर्ने परम्परागत संस्कृति छ । तीज अचेल सबै समुदायमा लोकप्रिय बनेको छ । तीजमा दर खाने, व्रत बस्ने सबै संस्कृति सबैले अँगालेको देखिन्छ । अहिलेको तीज इतिहास नै साबित हुन खोज्दैछ । आधुनिक युगले तीज पर्व जोखिममा पर्दै गइरहेको कुरा भने कुनै नौलो रुपमा छैन । यसका ज्वलन्त उदाहरणहरु प्रसस्तै रहेका छन् सहर बजारमा । तीजको संस्कृति हराएको अथवा मौलिक पन पलायन भएको अहिलेको तीजमा पाइन्छ । पहिलेको तीजमा माइतीले चेलीको घर गई माइतमा लिएर आएपछि दर खुवाउने प्रचलन थियो भने अहिलेको तीज भनेको सहरका विभिन्न संघसंस्थाहरुले सामूहिक रुपमा तीज पर्व मनाइरहेका छन् । भनौँ न संस्कृतिलाई विकृतितर्फ रुपान्तरण गरिरहेका छन् । महिना दिनअगाडि बाट नै तीज पर्व मनाउनु कति सुखद् ? तीज पर्व नमनाउनु भन्ने होइन । तर, तीजको नाममा भड्किलो खर्च गर्नु, नवपुस्तामा नकारात्मक असर पर्ने गरी पर्व मनाउनु हुँदैन भन्ने कुरा मात्र हो । अहिलेको संस्कृति भनेको विकृतितर्फ मोडिरहेको उदाहरणहरु एक दुई मात्र होइन सयौँ रहेका छन् । पुराना पुस्ताले सिकाएको संस्कृतिलाई नै भुलेर यसलाई विकृति बनाउनु हुन्न भन्ने व्यक्तिगत धारणा मात्रै हो मेरो । यहाँ तीजको नाममा एक महिना अगाडिबाटै दर खाने, भोज भतेर, मादक पदार्थ तथा तीजको नाममा देखासिकी प्रवित्ति हावी भएको छ ।**

**तीज पर्व एक महिना अगाडिबाटै मनाउने गरिन्छ भने आउँदै गएको अथवा भनौँ गत साल गएको तिहार पर्व भाइटीका सकिएको एक महिना पछिसम्म देउसीभैलो खेल्ने गरेका कारण हाम्रो मौलिक संस्कृति विकृति तर्फ त मोडिरहेको छैन ? यो एकदमै सोचनीय विषय हो । आफ्नो परम्परा, रीतिरिवाज, संस्कृतिको जगेर्ना गर्नु हाम्रै कर्तव्य हो । तर, आफ्नो संस्कृतिलाई नै भड्किलो बनाउँदा भने आगामी पुस्ताले हामीबाट के सिक्ने ? केहीलाई भने आधुनिक तीज पर्व राम्रै लाग्ला तर, पुराना पुस्ताले यसलाई स्वीकार नगर्नेमा विमति छैन । चाड पर्व सबैको हो र हुनुपर्छ । हुनेखानेको मात्र नभएर हुँदाखानेको लागि पनि तीज बनाऔं र त्यसरी नै मनाऔं ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कानुनले नचिनेका एकल आमा



• धना ओड

नेपालमा एकल महिलाको संख्या बर्सेनि बढ्दै छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) का अनुसार देशका कुल घरपरिवारमध्ये १२ प्रतिशतमा विधवा महिला र दुई प्रतिशत अन्य एकल महिला (सम्बन्धविच्छेद, छुट्टिएर बस्ने वा अविवाहित) गरी जम्मा १४ प्रतिशतमा एकल महिला रहेका छन् । यस तथ्याङ्कको सतहमुनि हजारौँ महिला छन् । यी महिलाले श्रीमान्को असहयोग, हिंसा वा विश्वासघात सहन नसकेर अलग बस्न थालेका भए पनि, कानुनी मान्यता नपाउँदा उनीहरू राज्यका नीतिमा गुमनाम रहन्छ । उनीहरू सरकारी आँकडामा नदेखिने, कानुनी परिभाषामा नअट्ने र सामाजिक सुरक्षाबाट वञ्चित हुने अदृश्य समूह हुन् । फलस्वरूप कानुनले नचिनेका कारण उनीहरू एकल महिलाका लागि राज्यले व्यवस्था गरेको अधिकार, सामाजिक सुरक्षा, सरकारी सुविधा र मनोसामाजिक सहयोगबाट वञ्चित छन् । “मलाई आफ्नो वैवाहिक परिचय एकदमै गाह्रो भएको छ । अविवाहित भनौँ दुई छोरा छन् । विवाहित भनु भने सात वर्षदेखि एकल महिला जस्तै बसिरहेकी छु । एकल महिलाको परिभाषाले म जस्तो महिलालाई समेट्दैन के भन्ने ?” एक जना आमाले भनिन् ।

‘एकल महिला सुरक्षा कोष सञ्चालन नियमावली २०७०’ र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०७८ ले विधवा, ३५ वर्षभन्दा माथिका अविवाहित, कानुनी रूपमा सम्बन्धविच्छेद भएका वा सम्बन्धविच्छेद नभए पनि कानुनी रूपमा मानोचामल लिएर वा अंश बुझी श्रीमान्सँग छुट्टिएर बसेका र पाँच वर्षभन्दा बढी समय बेपत्ता पतिका पत्नीलाई मात्र ‘एकल महिला’ भनेर परिभाषित गरिएको छ । कानुनी प्रक्रिया सुरु नगरेका तर व्यवहारमा पूर्ण रूपमा एकल आमाको भूमिका निभाइरहेका महिला यो दायराबाट बाहिर छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार, करिब ९.८ मिलियन बालबालिकामध्ये १.७ मिलियन (१८.१ प्रतिशत) एकल अभिभावकसँग बस्छन्, जसमा १७.१ प्रतिशत एकल आमासँग र एक प्रतिशत एकल बाबुसँग छन् । यद्यपि कानुनी रूपमा नछुट्टिई बर्षौंदेखि अलग जीवन बिताउँदै एकल अभिभावकको भूमिका निर्वाह गरिरहेका आमाको अवस्था सामाजिक र कानुनी दृष्टिकोणबाट निकै जटिल भए पनि एकल महिलाको कानुनी संरचना अनुसार यिनीहरूको विस्तृत तथ्याङ्क अझै पनि अपूर्ण नै छ ।

यस अध्ययनमा सहभागी भएका सबै एकल आमा स्वावलम्बी थिए, व्यवसाय, रोजगारी वा अन्य माध्यमबाट आफ्नो जीविकोपार्जन, बच्चाको लालनपालन, शिक्षादिक्षा गर्दै आएका थिए । उनीहरूले आफ्नै मेहनतले बनाएको सम्पत्तिमा पनि अहिलेको कानुन अनुसार सम्बन्धविच्छेद गर्दा श्रीमान्ले बराबरी हिस्साको दाबी गर्न सक्ने कानुनी प्रावधान रहेका कारण धेरै महिला सम्बन्धविच्छेदको कानुनी बाटोमा जान नसकेको यो अध्ययनले देखाएको छ । विकराल समस्याका बाबजुद पनि यी आमा कानुनी रूपमा सम्बन्धविच्छेद गर्न सकिरहेका छैनन्, जसको मुख्य कारण विद्यमान कानुनी व्यवस्थाले सम्बन्धविच्छेदलाई जटिल, खर्चिलो, असमान र महिलाका लागि अन्यायपूर्ण बनाएको छ ।

नेपालको संविधानले महिलालाई अंश र वंशमा समान अधिकार सुनिश्चित गरे पनि मुलुकी देवानी संहिता, २०७४ ले विगतको सोच निरन्तरता दिँदै महिलालाई मुख्यतः पतिबाट सम्पत्ति पाउने अधिकारमा सीमित गरेको छ । यसले सम्बन्धविच्छेदअघि पतिपत्नीबिच अंशबन्डा गर्नु पर्छ भन्ने व्यवस्था गरेको छ । सम्पत्ति कोही एकको मेहनतले जोडेको किन नहोस् । यसले आफ्नै कमाइमा श्रीमान्को दाबीको डरले धेरै महिलालाई कानुनी बाटोबाट टाढा राख्छ । एक जना आमाले भनिन्, “मैले ऋण लिएर घर बनाएको हुँ । छुट्टिएँ भने कानुन अनुसार उसलाई पनि अंश दिनु पर्छ, जुन सरासर अन्याय हो ।” अर्की आमा थप्छिन्, “श्रीमान्को चरित्र र व्यवहार सहन नसकेर अलग बसेकी हुँ । कानुनले मेरो पीडा र सङ्घर्ष देख्दैन । पुर्ख्यौली सम्पत्ति सबै उसकै नाममा सुरक्षित त्यो सम्पत्ति रमाइलो गर्दै केटी साथी भन्दै उडायो । डिभोर्स गरूँ भने बर्सौंको मेरो मेहनतले कमाएको सम्पत्तिसमेत उसलाई बाँड्नु पर्छ ? त्योभन्दा बरु चुपचाप सहेर हिंसा सहेर जिन्दगी काटेको छु,” यसरी हेर्दा, यी महिलाको वैवाहिक जीवन कानुनी रूपमा नभए पनि व्यवहारमा टुङ्गिएको छ ।

श्रीमान्का कारणले दुःख भोगिरहेका महिलालाई कि मेहनत गरेर कमाएको सम्पत्ति गैरजिम्मेवार श्रीमान्लाई बाँडेर सम्बन्धविच्छेद गर्नुपर्ने कि त श्रीमान्ले जति दुःख दिए पनि सहनुपर्ने अवस्था छ । जिम्मेवारी नलिने श्रीमान्लाई बराबरी हिस्सा दिने व्यवस्थाले पीडित महिला झनै मारमा परेका छन् । समाजमा इमानदारीका साथ दुःख गरेर कमाइरहेका महिलाको संख्या ठुलो छ तर यस व्यवस्थाले महिला पनि स्वावलम्बी भई कमाइ गर्न सक्छन् भन्ने दृष्टिकोणलाई पर्याप्त विचार गरेको देखिँदैन ।

महिलाले कानुनी रूपमा पैतृक र वैवाहिक सम्पत्ति दुवैमा हकको व्यवस्था भए पनि व्यवहारमा सामाजिक सोच, सांस्कृतिक बाध्यता, ‘दोहोरो सम्पत्ति’ भन्ने गलत धारणाले उनीहरूको अधिकारलाई हतोत्साही गर्छ । विशेषतः संविधान २०७२ अघि विवाह भएकाहरू अझ बढी वञ्चित छन् । परिवारभित्र सम्पत्ति बाँडफाँट गर्दा महिलालाई नाम मात्रको हिस्सा दिने, सम्पत्ति विवरण लुकाउने वा प्रमाण जुटाउन नसक्ने समस्या व्यापक छ ।

नेपालको देवानी अपराध संहिता, २०७४ ले बहुविवाहलाई अपराध मानेको छ । जस अनुसार वैवाहिक सम्बन्ध कायम रहँदै अर्को विवाह गरेमा त्यो विवाह स्वतः बदर हुन्छ । यो प्रावधानले लिभिङ टुगेदर सम्बन्धलाई छुँदैन लिभिङ टुगेदर वा लुकीछिपी कायम राखिएको सम्बन्धबारेमा भने स्पष्ट कानुनी प्रावधान नै छैन । बहुविवाहको मुद्दा दर्ता गर्न पीडितले पर्याप्त प्रमाण पेस गर्नु पर्छ तर लिभिङ टुगेदरमा बस्ने जोडीबारे प्रमाण सङ्कलन कठिन हुने भएकाले कानुनी कारबाही अघि बढाउन सकिँदैन । एक सहभागी आमाले भनिन्, “श्रीमान् अर्कैसँग बस्न थाले तर कानुनले प्रमाण माग्छ । मसँग न फोटो छ न त भिडियो । त्यसैले मुद्दा दर्ता नै गर्न सकिन ।” सबै सहभागीको अनुभव एउटै थियो अतिरिक्त वैवाहिक सम्बन्धको प्रमाण जुटाउन सकिँदैन, जसले गर्दा कानुनी कारबाही अघि बढाउन असम्भव जस्तै देखिन्छ । यसले अनुसन्धान निकायको प्रभावकारिता र पीडितमैत्री प्रमाण सङ्कलन प्रणालीको आवश्यकता औँल्याउँछ ।

विवाह नगरी सम्बन्धमा बस्ने वा सन्तान जन्माउने कुरा व्यक्तिगत स्वतन्त्रताको विषय हो । नेपाल जस्तो समाजमा विवाहबाहेकका सम्बन्धलाई नकारात्मक रूपमा हेर्ने प्रवृत्ति छ । यद्यपि कानुनले अप्रत्यक्ष रूपमा लिभिङ टुगेदरलाई सहज बनाएको देखिन्छ । बहुविवाहको कानुनी व्यवस्थाले केवल विवाहदर्तालाई मात्र छेकेको छ । यस्तो अवस्थामा ती श्रीमान्सँग अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिलाका लागि मुख्य समस्या भनेको विवाहदर्ता गर्न मात्र कठिन हो ।

केही पुरुषलाई श्रीमतीसँग सम्बन्धविच्छेद नगरी बाहिर अर्को सम्बन्ध राख्ने, सन्तान जन्माउने र सम्पत्ति जोड्ने मानसिकतामा प्रोत्साहित गरेको देखिन्छ । अर्कोतर्फ, लिभिङ टुगेदरमा बस्ने महिलाले विवाहपछि आउने कानुनी, सामाजिक दायित्व र श्रीमान्को अन्य परिवारको जिम्मेवारी लिनु नपर्ने, हिंसा वा शोषणको जोखिमबाट बच्दै पनि यौन सन्तुष्टि, सन्तान जन्माउने र सम्पत्ति जोड्न सक्ने भएकाले यस प्रवृत्तिले विवाह जस्तो परम्परागत संस्थागत संरचनामा चुनौती दिएको छ ।

लिभिङ टुगेदरमा बस्नेको संख्या बढ्दो छ । यसको प्रत्यक्ष परिणामस्वरूप अतिरिक्त वैवाहिक सम्बन्धका घटना बढिरहेका छन् । घरमा विधिवत् श्रीमतीका रूपमा रहेका महिला घरेलु हिंसाको सिकार भए पनि स्पष्ट कानुनी प्रावधानको अभावले कानुनी लडाइँ लड्न कठिनाइ भोगिरहेका छन् ।

# भूमिहीनलाई आवास अधिकार



• राजेश विद्रोही

नेपालमा लामो समयदेखि भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासी समस्या छ । यो सवाल देशको सामाजिक, आर्थिक र राजनीतिक रूपमा बहसको केन्द्रमा रहँदै आएको छ । विडम्बना के छ भने समस्या समाधान गर्ने नाममा राज्यका नीतिहरू गलत प्रयोग हुँदै आएको छ । पुस्तौँदेखि बसोबास गर्दै आएको जमिनको लालपुर्जा दिनुपर्ने ठाउँमा पटक पटक सुकुमवासी बस्तीमा डोजर चलिरहेको छ । यतिसम्म कि मानवीयताको हद पार गर्ने गरी भेल, बाढी, वर्षा र झरीमा, कि त जाडोले कठ्याङ्ग्रिएका बेला खोजी खोजी डोजर लगाएर आफ्नो सामाजिक राजनीतिक दुस्मनी साँध्ने कुसंस्कारको विकास भएको छ । अनावश्यक रूपमा जमिन कब्जा गरेर अन्यायपूर्वक महल ठड्याउने र अकुत सम्पत्ति थुपार्ने जमिनदार, ठेकेदार वा भ्रष्ट वर्गको घरतिर भने कहिल्यै डोजर पुग्दैन । उनीहरूमाथि कुनै हिसाबकिताब छैन । कुनै ऐन कानुन छैन । यसले हाम्रो शासनप्रणाली र संरचनालाई बदनाम गरिरहेका छन् । यो विकराल समस्या केवल जनताको आक्रोश मात्र होइन्, न्याय र समानताको मागका रूपमा पनि छन् । यति सानो समस्यालाई हामीले एकमुष्ट रूपमा समाधान दिन सकेको छैन । लामो समयदेखि यसको नाममा अल्झिरहेको मात्र छैन, यसलाई गलत मान्छेले आफ्नो निहित स्वार्थ पूरा गर्ने साधनसमेत बनाएको छ । यसले समस्या झन् विकराल बनाएको छ ।

पछिल्लो समय काठमाडौँ उपत्यका तथा सिराहा र सप्तरीलगायत मधेशका जिल्लामा यो समस्याले व्यापक रूप लिएको छ । यतिसम्म कि स्थानीय सरकारले समेत समस्याको समाधान दिनुको साटो डोजर लिएर उनी आफैँ पुग्छन्, गरिब निमुखा बस्तीमा । विकल्प दिनै पर्‍यो भने उनीहरूको मानसिकतामा उही पुरानै सामन्ती र विभेदपूर्ण शैली छ । वैकल्पिक व्यवस्थाका लागि सोच्नै पर्‍यो भने सामान्य गाउँबस्तीमा भन्दा अझै पनि उनीहरूको बसोबासका लागि अलग खोलानाला नै खोज्छन्, जहाँ उनीहरूको जीवन सुरक्षित छैन । जनता आवास, निधि आवास जस्ता आवास कार्यक्रम पनि सस्तो लोकप्रियताका लागि मात्र सीमित छ । गरिब दलितको नाममा कमाइ खाने भाँडो भएको छ । बर्सौंदेखि ठेकेदारको अधुरो घर निर्माणले खुला आकाशमुनि जीवन बाँच्न विवश छन् । जताबाट पनि उनीहरू सास्ती नै खेपिरहेका छन्, अनागरिकभन्दा कडा दुःख छ ।

**भूमिहीन र सुकुमवासीको अवस्था**

सरकारी तथ्याङ्क अनुसार देशभर करिब १० देखि १२ लाख घरपरिवार भूमिहीन सुकुमवासी छन् । त्यसमध्ये केही ग्रामीण क्षेत्रमा अरूको खेतबारीमा मजदुरी गरेर बाँचेका छन् भने केही सहरी क्षेत्रमा सुकुमवासी बस्ती बनाएर जीविकोपार्जन गरिरहेका छन् । सहरी विकास मन्त्रालयका अनुसार ३८ जिल्लामा दुई हजार पाँच सय बढी सुकुमवासी बस्ती छन् । काठमाडौँ उपत्यकामा मात्रै करिब ५० हजारभन्दा बढी परिवार अव्यवस्थित रूपमा बसोबास गरिरहेका छन् । यीमध्ये धेरै जसो बस्ती बाढीपहिरो र गरिबीले विस्थापित भएका नागरिक छन् ।

विगत तीन दशकमा करिब ४६ हजार बिघा जमिन एक लाख ५० हजार परिवारलाई वितरण गरिएको तथ्याङ्क छ । तथ्याङ्कमा कस्ता परिवारलाई बाँडिएका छन्, छुट्टाछुट्टै तथ्याङ्क छैन । यति धेरै जमिन, यति धेरै परिवारलाई वितरण गर्दा पनि समस्या विकराल नै छ । वास्तविक भूमिहीन सुकुमवासीले कति पाए र यसको दुरुपयोग कति भयो ? यसको लेखाजोखा गर्ने कोही छैन । यो समस्यालाई अन्त्य गर्ने उद्देश्यले हाल पुनः राष्ट्रिय भूमि आयोगले २०२५ मा १६ औँ आयोग गठन गरेको छ । यस अन्तर्गत थुप्रै पालिकाले सम्झौता गरेर लालपुर्जा बाँडिसकेका छन् भने सिराहाका लहानलगायतका केही पालिकाले सम्झौता गरेर पनि आलटाल गरिरहेका छन् । बाँडेको ठाउँमा पनि जनप्रतिनिधिले आफ्ना नेता, कार्यकर्ता, समुदाय र दुई पैसा आउने हिसाबले वितरण गरेको आरोप लागेका छन् । यस्तै आरोप लागेपछि सिराहाका भूमिहीन सुकुमवासी आयोगका अध्यक्ष सम्पर्कविहीन बनेका छन् । कुरा त्यति मात्र छैन, जोसँग नागरिकता नै छैन, ती असली भूमिहीन सुकुमवासी अझै पनि लालपुर्जाबाट वञ्चित हुने नै स्थिति छ । उनीहरूले पहिला नागरिकता कसरी पाउँछन् र त्यसपछि लालपुर्जा दिने बाटो खुल्छ कसरी भने वैकल्पिक व्यवस्था र पहल भएको देखिँदैन । यसले फेरि पनि असली भूमिहीन सुकुमवासी लालपुर्जाबाट वञ्चित नै हुने हुन्छ । यसले दीर्घकालीन समाधान दिँदैन । असली समस्या रहिरहने नै देखिन्छ ।

**भूमिसम्बन्धी कानुनी व्यवस्था**

पहिलो कुरा नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई आवासको अधिकार दिएको छ । धारा २५ मा सम्पत्तिको अधिकार प्रत्याभूत गरिएको छ । अवैध रूपमा आर्जित सम्पत्ति राज्यले नियन्त्रण गर्न सक्ने पनि उल्लेख छ । धारा ४० मा भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने भनिएको छ । राज्यको नीतिगत निर्देशन (धारा ५१) मा समेत भूमिहीन र सुकुमवासीलाई जमिन वा आवास उपलब्ध गराउने र जमिनको न्यायपूर्ण वितरण गर्ने उल्लेख छ । दोस्रो कुरा भूमि सुधार ऐन, २०२१ मा व्यक्तिले राख्न सक्ने जमिनको सीमा (सिलिङ) तोकिएको छ । तोकेको भन्दा बढी जमिन राज्यले अधिग्रहण गरी भूमिहीनलाई वितरण गर्न सक्ने भनिएको छ । कतिसँग कब्जा गरे र कतिलाई बाँडे कुनै तथ्याङ्क छैन । जमिनलाई उत्पादनमुखी बनाउनुपर्ने भनिएको छ । उब्जाउ जग्गासमेत बाँझो अवस्थामा छ ।

तेस्रो कुरा भूमि व्यवस्था तथा लगत ऐन, २०७४ मा सरकारी वा सार्वजनिक जमिन कब्जा गर्न नपाइने भनिएको छ । अवैध दर्ता भएको जमिन खारेज गरी भूमिहीनलाई वितरण गर्ने भनिएको छ । यो प्रावधानमा टेकेर स्थानीय जनप्रतिनिधिले पुस्तौँदेखि बसोबास गर्दै आएको बस्तीमै डोजर लगाउन पुग्छन् । यस्तो दोहोरो कानुनी प्रावधानले पुस्तौँदेखि बसोबास गरेका गरिब, दलित तथा विपन्न परिवारले लालपुर्जा पाउन सकेको छैन । भूमाफियाले हजारौँ हेक्टर सरकारी सार्वजनिक जग्गाको लालपुर्जा बनाएर बिजनेस कम्प्लेक्स बनाएर अकुत सम्पत्ति कमाएका छन् । कलकारखाना र कम्पनीको नाममा हजारौँ बिघा जग्गा लुकाएका छन् ।

चौथो सहरी विकास ऐनमा सहरी क्षेत्रमा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने र कुनै बस्ती हटाउनै पर्दा वैकल्पिक आवासको व्यवस्था अनिवार्य गर्ने भनिएको छ । यी सबै कानुनको साझा भावना स्पष्ट छ, भूमिहीनलाई संरक्षण र जमिनदारलाई नियन्त्रण गर्ने । व्यवहारमा त्यसको उल्टो भइरहेको छ । राज्यको दोहोरो व्यवहार, मापदण्ड तथा ऐन, कानुनले डोजर सधैँ सुकुमवासी बस्तीमाथि चल्छ । जुन कार्य संविधानले दिएको ‘ आवास अधिकार’ लाई नै उल्लङ्घन गर्छ । यतिसम्म कि भूमिसुधार ऐनले तोकेको हदबन्दी (सिलिङ) भन्दा बढी जमिन भएका जमिनदार पहिचान गर्ने प्रक्रिया दशकौँदेखि अलपत्र छ । कृषि मन्त्रालयको तथ्याङ्क अनुसार करिब छ प्रतिशत जमिनदारले कुल खेतीयोग्य जमिनको ३५ प्रतिशतभन्दा बढी जमिन कब्जा गरेका छन् । भूमिहीन किसानलाई जमिन वितरण गर्न बनेका कार्यक्रम कागजमै सीमित छन् । लोकतन्त्र र संविधानले सबै नागरिकलाई समान अधिकार दिएको दाबी गर्छ तर व्यवहारमा गरिब र धनीमाथि छुट्टै कानुन लागु हुन्छ ।

**समाधानका उपाय**

लालपुर्जा वितरण : भूमिहीन र अव्यवस्थित बसोबासीलाई पहिलो प्राथमिकतामा राखेर लालपुर्जा दिनु पर्छ । यसका लागि उनीहरूसँग नागरिकता छैन भने पहिला नागरिकता दिने कानुनी व्यवस्था मिलाउनु पर्छ । त्यसपछि बसोबास गरेकै ठाउँमा एक पटकका लागि लालपुर्जा दिनु पर्छ । जसले मात्र तिनीहरूलाई नागरिकको हैसियतमा सम्मान अवसर र सुरक्षाको ग्यारेन्टी दिन्छ ।

हदबन्दी (सिलिङ) कार्यान्वयन : जसको नाममा कानुनी सीमाभन्दा बढी जमिन छ त्यो तत्काल अधिग्रहण गरी भूमिहीन नागरिकलाई वितरण गर्नु पर्छ । बाँझो जमिन उब्जाउ बनाउनु पर्छ । डोजरको प्रयोग गरिबको टहरा भत्काउनेमा होइन, कानुन तोडेर अवैध रूपमा जमिन कब्जा गर्ने र हदबन्दी लागेका जमिनदार र भूमाफियाको महल भत्काउने र जग्गा कब्जा गर्नेमा प्रयोग हुनु पर्छ । यो संवैधानिक र कानुनी दुवै दायित्व हो ।

सहरी आवास आयोजना : अव्यवस्थित बसोबासीलाई आवासमा स्थानान्तरण गर्ने नीति तत्काल लागु गर्नु पर्छ । यसका लागि सरकारी जमिन प्रयोग गर्न सकिन्छ । देशमा राजनीतिक व्यवस्था छ । यसका लागि पहिला राजनीतिक दलको राजनीतिक इच्छाशक्ति हुनु पर्छ । देशमा कानुन प्रशस्त छन् तर कार्यान्वयनमा भ्रष्टाचार र राजनीतिक संरक्षण नै बाधक छ । त्यसैले दलहरूले जनताको पक्षमा निर्णय गर्ने राजनीतिक इच्छाशक्ति देखाउन सक्नु पर्छ ।

नेपालको संविधान र ऐन कानुनले स्पष्ट रूपमा भूमिहीनलाई जमिन र आवासको अधिकार सुनिश्चित गरेका छन् तर व्यवहारमा गरिबलाई डोजर र धनीलाई संरक्षण दिइन्छ । सुकुमवासीलाई उठिबास र भूमाफियालाई लालपुर्जा दिइन्छ । यो भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या मात्र होइन, संविधानले दिएको अधिकार र न्यायको कार्यान्वयनको माग पनि हो । जबसम्म राज्यले कानुनलाई बराबरी लागु गर्न सक्दैन, तबसम्म विकास र लोकतन्त्रको सपना पूरा हुँदैन । यसर्थ जोसँग लालपुर्जा छ उसलाई मात्र भूमिको मालिक ठान्नु गलत संस्कृति हो । यसको अन्त्य गर्नु पर्छ ।

# तीज संस्कृति कि विकृति?



• रमेश नेपाल

तीज हिन्दू नारीको महान चाड हो। हिन्दू नारीहरुले यस चाडलाई महत्वपूर्ण पर्वको रुपमा मान्ने गर्छन् । घरको कामले हैरान परेका, माइत जान नपाएका चेलीहरु तीजको निहुँले भए पनि माइत जान्छन् र आफ्ना पुराना साथीसँग भेटघाट गर्ने, दर खाने र अर्को दिन भगवान शिवको आराधना गर्नुका साथै आफूमा भएका वेदना मेटाउने खालका गीत गाउने, नाचगान मनोरञ्जन गरेर भव्य तरिकाले तीज मनाउने परम्परा रहिआएको छ । पहिले-पहिले तीजमा दुःख वेदनालाई लिएर सासु बुहारीको बारेमा दुःखका गीत गाउने परम्परा थियो ।

**पहिलेका तीज गीतहरु**

पहिलेका तीजका गीतमा दुःख वेदनाका भाव झल्कन्थे । तीजको 'रहर आयो बरिलै' जुन गीत आज पनि सुनिने गर्छ । माइतबाट कोही लिन नआएको, घाँस, दाउरा बोकेर बसेको, माइती लिन आउलान् भन्दाभन्दै तीज गएको जस्ता कुराहरु मिसाएर गीतका शैली हालेर गाउने गर्थे, यससँग सान्दर्भिक गीत ' वर्ष दिनको तीजमा बाबा लिन नआउँदा आँगनमा बसेर रोए धुरुरु ।'

त्यो बेलाका गीतहरु धुरुधुरु रुने, रुवाउने शैलीमा गाइएका हुन्थे । पहिला-पहिला माइतीको आँगनीमा नाच बरिलै, तीजको रहर आयो बरिलै जस्ता भावना भएका गीतहरु गाउने गर्थे । पहिले-पहिले रेडियो, टेलिभिजनले पनि यस्तै गीतहरु बजाउने गर्दथे । गायकले भन्दा पनि बढी गायिकाले भाका हालेर तीजका गीत गाएको सुन्न पाइन्थ्यो । त्यो समयमा हरिदेवी कोइराला, बिमाकुमारी दूरा, देवी घर्तीले गाएका देउरानी जेठानी गीत निकै चलेको गीत हो । लक्ष्मी न्यौपाने, शर्मिला गुरुङलगायतका गीतहरु रेडियोमा खुब बज्थे र यसैका भाकाहरु रेडियोमा घन्किने गर्थे । जुन छोरी चेलीबेटीका दुःख वेदनाका गीत हुन्थे ।

**अहिलेका तीज गीत**

अहिले आएर गीतलाई नयाँ ढंगबाट तीजका गीतहरु बजारमा ल्याउन थालिएको छ । अहिले गीतमा व्यापक रुपमा परिवर्तन आएको छ । अझ भनुँ भने तीजका गीतलाई फेसनका रुपमा लिन थालिएको छ। तीज भन्नेबितिक्कै रातो सारी लगाएर छमछम माइतीको आँगनीमा नाच्ने भन्ने परम्परा बिस्तारै हराउँदै गएको देख्न सकिन्छ । रातो सारीलाई नि फेसनकै रूपमा लिएको पाइन्छ । रातो सारी धेरैले नलगाऊन् भन्न छोडेको होइन। लाउन त लाउँछन् तर पहिलाको जस्तो गीतमा कमै मात्रामा पाइन्छ । अहिलेका तीज गीतका शब्दहरुमा अश्लीलताले डेरा जमाउन थालेको छ।

**पार्टी प्यालेसमा तीज**

तीजका बेला नेपाली नारीले माइतीको घरमा भन्दा पनि पार्टी प्यालेस, रेस्टुरेन्ट, दोहोरी साँझमा अनावश्यक खर्च तडकभडक, धनदौलतको प्रदर्शन गर्न थालेका छन् । विगत केही वर्षदेखि यस्ता ठाउँ रोज्ने गरेका छन् । तीजका गीतमा संस्कृतिभन्दा पनि छाडापन मौलाएको छ । यसकै असरले तीजका मौलिक गीतहरु बिस्तारै लोप हुने अवस्थामा पुगेको छ । एक/दुई दिन मनाउने तीजलाई १५ दिन अगावैदेखि दर खाने चलन बढिरहेको छ । यसले परम्पराभन्दा पनि 'रुढीवाद'लाई प्रश्रय दिने, पौराणिक महत्वलाई कुल्चेर आधुनिकताको नाममा देखावटी संस्कृतिलाई मलजल गर्न थालेको जस्ता कुरासमेत समाजमा सुनिन थालेको छ । यसले एक किसिमको बहसको ढोका खोलिदिएको छ ।

**वास्तविक तिज दरखाने दिन**

यो चाडमा माइतीले (बाबु आमा,दाजुभाइ) छोरी/चेलीलाई घरमा गई लिएर आउने वा बोलाएर मीठा-मीठा परिकार खुवाउने तथा मनका भावना एवम् सुखदुख साटासाट गरी एउटै ठाउँमा खाने-बस्ने चलन रहेको छ। यस दिन विशेष महत्वका साथ दर खाने गरिन्छ। यही दर खाने दिनबाट नै तीज पर्वको आरम्भ भएको मानिन्छ। दरमा ठाउँअनुसार विभिन्न मीठा-मीठा परिकार साथै खीर, ढकने, सेलरोटी, केरा लगायतका खाना, फलफूल खाने गरिन्छ। आधुनिकता सँगसँगै यसमा खाइने परिकारमा परिवर्तन आउँदै गएको छ। सामान्यतया दर मध्यरात १२ बजेअघि खाने चलन बसिसकेको छ। भोलिपल्ट दिनभर पानीसम्म पनि नखाई बस्नुपर्ने भएकोले दर खाने दिन राति ढिलासम्म बसेर पेटभरी खाने प्रचलन बसेको थियो।

**ब्रत बस्ने दिन**

तीज महिलाहरूद्वारा मनाइने एउटा पर्व हो। आधुनिक समाजमा तीजको महत्वलाई जुन रूपले व्याख्या गरिए पनि यो एक पौराणिक कालदेखि चलिआएको परम्परा हो। सृष्टि र समाज चल्नको लागि पूर्वीय मान्यता अनुसार महिलाहरू विवाहपश्चात् आफ्नो श्रीमानको साथमा उसको घरमा बसी बाँकी जीवन बिताउनु पर्ने हुन्छ। यसरी आफू जन्मेको घर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छोडी पराई घरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कमी गर्ने एउटा अवसरको रूपमा तीज पर्वको गहन महत्व रहेको छ। तीजमा महिलाहरूलाई मीठा-मीठा भोजनका परिकारहरू खुवाइन्छ, नयाँ लुगा कपडा दिइन्छ। महिलाहरूलाई पराई घरको विभिन्न जिम्मेवारी, तनाव, साथै माइतीको सम्झनाको खाडललाई कम गर्न यो पर्वको ठूलो भूमिका रहेको छ। तीजमा विवाहिता महिलाहरू आफ्ना पतिको दीर्घायुको कामना गर्दै ब्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिता सुयोग्य वरको आशा राखी ब्रत बस्छन्। ब्रतको समयमा महिलाहरूले तीजको ब्रतकथा सुन्ने र समापनमा पूजा लगाई ब्राह्मणब्राह्मणीहरूलाई दान दक्षिणा गर्ने चलन रहेको छ। तीजको ब्रत अन्य ब्रतभन्दा फरक ढङ्गले लिइन्छ। यस दिन पानीसम्म पनि नखाई ब्रत बस्नुपर्ने परम्परागत मान्यता रहेको भएपनि कतिपय महिलाहरू महादेवको पुजा आराधनापश्चात् फलफूल ग्रहण गर्दछन्। यसै दिन पार्वतीले आफ्नो तपस्या पूरा गरी शिवजी पाएको विश्वास गरिने हुनाले यस दिनलाई हर्षोल्लासका साथ नाचगान गरी मनाइने गरिन्छ।

# के तीजका नाममा विकृति नै भित्रिएको हो त ?



लक्ष्मी उप्रेती

नेपालको संविधान २०७२ ले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक राष्ट्रको रूपमा परिभाषित गरेको छ । नेपालमा बसोबास गर्ने हरेक सुमदाय आ–आफ्नो चाडपर्व, भाषा, कला, लिपी,संस्कृति, परम्पराहरुका विषयमा लागिपरेका छन् । हरेक समुदायले मान्ने विभिन्न खाले चाडपर्वको आ–आफ्नै महत्व पनि छ ।

नववर्ष, वुद्धजयन्ती, असार १५ मा दही चिउरा खाने, साउने १ गते खीर खाने, माघ १ गते तरुल तथा तीलका परिकारहरु खाने, नागपञ्चमी, जनै पूर्णिमा, तीज, दशैँ, तिहार, छठ, इद, क्रिस्मस, ल्होसार, माघी, होली, विभिन्न जाति विशेषका कुल पूजा, महाशिवरात्री, चैते दशै, रामनवमीलगायतका थुप्रै चाडपर्वहरू हामी आफ्नो गच्छे अनुसार मान्दैं आइरहेका छौ । चाडपर्व सुसंस्कृत, विकृतिरहित मनाउँदा धर्म, संस्कृति तथा परम्पराको समेत संरक्षण हुने विश्वास गर्न सकिन्छ । संस्कृति र परम्पराको संरक्षण गरे पहिचानको संरक्षण हुने छ ।

यतिखेर तपाई हाम्रो घर आँगनमा नेपाली महिलाहरुको महत्वपूर्ण पर्व (हरितालिका) तीज सुरु भएको छ । यो पर्वको आफ्नै विशेषता छ । हुन त प्रत्येक चाडपर्वहरु मनाउनुको विशिष्ट अर्थ र उद्धेश्य हुन्छन् । युगौ युगदेखि तिनका महत्व रहँदै आएको हुन्छ । त्यसैले त पर्वहरु संस्कृति र संस्कारको रुपमा स्थापित भएका छन् । मानव जीवनशैलीकै अभिन्न पक्ष बनिबसेका छन् ।

पछिल्लो समय चाडपर्व मनाउने क्रममा धैरै विकृतिहरू पनि देखिएको गुनासाहरु सुन्निन् पनि थालेका छन् । चाडपर्वमा हाम्रो जीवनशैलीको प्रत्यक्ष सम्बन्ध जोडिएको हुन्छ । हामीले चाडवाडहरु जसरी मनाउँछौं उसैगरी हाम्रो जीवन चलेको हुन्छ । चाडवाडको बेला हामीले जे गर्छौं बाँकी जीवनमा हामीले त्यही गर्छौं । कुनै पनि चाडपर्व मनाइनुका पछाडि प्रायः तीन कारण छन, सामाजिक, धार्मिक र आध्यात्मिक । कुनै पर्व सामाजिक सदभाव कायम राख्न, कुनै खास घटनाको स्मरण गर्न र कुनै चाडपर्व स्वआत्म उत्थानको लागि मनाइन्छ ।

अब कुरा गरौं तपाई हाम्रो घर आगनमा भित्रिसकेको हरितालिका तीजको ।

हामीले मनाउने सबै चाडपर्व प्रायः महिला-पुरुष दुबैले समान रुपले मनाउछौ । तर तीज भने महिला दिदीबहिनीले मात्र मनाउने पर्व हो । पौराणिक कालमा हिमालय पर्वतकी पुत्री पार्वतीले भगवान् शिवलाई पतिका रूपमा पाउन बसेको व्रतसँग यो हरितालिका तीज जोडिएको पाइन्छ । 'शिव पुराणमा उल्लेख भएअनुसार पार्वतीको भगवान विष्णुसँग विवाह गर्न खोजिएपछि, पार्वतीलाई उनका साथीले लुकाएर जंगलमा लगेको र पछि त्यहींबाट व्रतको सुरुवात भएको संस्कृतिविद् डा. वीणा पौडेलको भनाई छ । हरितालिका तीजको प्रसंग मात्र नभई यसको नामकरण पनि पार्वतीले बसेको कठोर व्रतसँग जोडिएको छ । हरितालिका, हरिता र अलिका मिलेर बनेको हो । जसमा हरिताको अर्थ हरण र अलिताको अर्थ साथी भन्ने संस्कृतमा बुझिन्छ । यसरी भगवान् विष्णुसँग पार्वतीले विवाह गर्न नमानेपछि साथीले जंगलमा लुकाएर लगेकाले यसलाई हरितालिका भनिएको कथन छ ।

हरितालिका तीजको धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्व निक्कै ठुलो छ । हरितालिका तीज पर्व भाद्र महिना शुक्लपक्षको तृतीयाको दिन मनाइन्छ । भाद्र शुक्ल द्वितीयाका दिन दर खाने चलन छ । यस वर्षको तीज भदौं १० गते परेको छ । नेपाली समाजमा प्राचीनकालदेखि नै तीजलाई महत्वपूर्ण पर्वका रूपमा लिने गरेको पाइन्छ । विवाह भएर टाढा पुगेका छोरी-चेली-भान्जीहरूलाई घरसम्मै माइती लिन जाने,माइतमा एकसाथ भेला हुने, रमाइलो भेटघाटबीच मीठो एवम् स्वादिष्ट दर खाने, व्रत बसी सामूहिक पूजा गर्ने र नाचगानका माध्यमले आफ्ना दुःखसुखका पीरमर्का व्यक्त गर्ने अवसर तीजले नै जुटाउँछ ।

यस पर्वलाई पतिपत्नीबीचको सम्बन्ध प्रगाढ बनाउने, आपसी सहयोगको भाव प्रत्यक्षरूपमा व्यक्त गर्ने, घरमा सासू-बुहारी र नन्द-भाउजूबीचको सम्बन्ध पनि तीतो नभएर मीठो एवम प्रगाढ नै तीजले बनाउछ । पुरुषप्रधान देश नेपालमा घरभित्र मात्रै खुम्चिएर बस्ने महिलाहरूलाई बाहिर निस्कन यो पर्वले प्रेरित गर्ने र आफ्ना पीरमर्का अरुसमक्ष राख्ने मौका दिने गर्दछ । तीजका दिन विवाह भएका महिलाले मात्र नभई अविवाहिता महिलाले सुयोग्य वर प्राप्त होस् भन्ने कामनाका साथ व्रत बस्ने गर्छन् । कति भने मनमा शान्तिका लागि व्रत बस्ने गरेका छन् ।

पहिले पहिले माइतीमा चेलीको भेट त्यत्ति नहुने भएकाले तीजमा बढी माइत जाने गरिएको पनि छ । तर, पछिल्लो समय माइत जान तीज नै कुर्न पर्दैन, घर व्यवहारका संघर्षका कुरा पोख्न तीज चाहिन्थ्यो । अहिले त त्यो हराईसक्यो । खुशीयाली साट्ने प्रसंगबाट सुरु भएको नाचगानमा बिस्तारै महिलाहरूले आफ्नो भावना, सुखदुःख तथा नारीको संवेदनालाई पनि गीतको विषय बनाउँदै लगे । पछिल्लो समय तीजका नाममा विभिन्न विकृति आइरहेका चर्चाहरु प्रश्स्त सुनिन थालिएको छ ।

महिला अधिकारकर्मीहरू तीजलाई आत्मनिर्णयको अधिकारका निम्ति लडाइँका रूपमा मान्ने गरेका छन् । पछिल्लो समयमा गहनाको प्रदर्शनीले गर्दा तीजमा केही विकृति देखिएपनि यो सामाजिक सद्भाव फैलाउने चाड भएको महिला अधिकारकर्मीको भनाइ छ । तीजमा विकृति भित्रिएका धेरैले अनुभव गर्न थालेका छन् । विगतमा हरितालिकाको एक दिनअघि मात्र दर खाने गरिए पनि पछिल्ला वर्षमा राजधानीलगायत मुख्य सहरमा एक महिना अघिदेखि नै दर खाने प्रचलन सुरु भएको छ । भड्किलो खर्च गर्ने र गहनाको प्रदर्शन गरेर रत्यौली प्रवृत्तिका र हिन्दी गित संगितमा रमाउनाले संस्कृतिमा विकृति फैलिएको पण्डित टिकाप्रसाद खनालको दुखेसो छ ।

उहिले उहिले नारीले भोग्नुपरेका दुःख, पीडा, मर्म, समस्या, घरायसी हिंसा, अत्याचारजस्ता विषयमा समेत गीतहरू गाइन्थयो ।

मौलिक चिन्तन र सृजनाका आधारमा मौखिक गीत गाउने परम्परा आजकाल ग्रामीण समाजमा बाहेक अन्यत्र घट्दै गएको छ । अचेल मौखिक गीतको सट्टा मोवायलबाट गीत डाउनलोड गरेर गीत बजाई नाच्ने चलन हावी भएको छ, यसले नारीहरूको रचनात्मक क्षमता तथा नाचगानको पुरानो मौलिक चलनलाई टाढा पुर्‍याएको मेचीनगरकी ७५ वर्षीया उर्मिला भुजेलको भनाई छ । यस्ता कुराले हाम्रा संस्कार र संस्कृतिका मूल्यमान्यतालाई घटाउँदै गएको र समाजलाई दूषित बनाउँदै गएको हुनाले यस्ता विकृतिलाई हटाई हाम्रा रीतिरिवाज, पर्व, संस्कार र संस्कृतिलाई स्वच्छ तुल्याउनु जरुरी रहेको उनको ठहर छ । अन्त्यमा सबैलाई (हरितालिका) तीजको हार्दिक मंगलमय शुभकामना ।

# अनेरास्ववियुद्वारा डेढसय विद्यार्थीलाई सम्मान

मेचीनगर(प्रस) ।अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन मेचीनगर कमिटी झापाले एसइई र १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको छ ।

काँकरभिट्टा बहुमुखी क्याम्पसको सभाहलमा आयोजित कार्यक्रममा मेचीनगर नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा निजी विद्यालयबाट एसइई र १२ कक्षा उत्तीर्ण एकसय ५० जनालाई सम्मान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि अनेरास्ववियुका केन्द्रीय महासचिव दीपक धामी, नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य वागमती प्रदेशका पूर्व प्रमुख विष्णुप्रसाद प्रसाईं, नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवम् मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेती, नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्य एवम् मेचीनगर इन्चार्ज देवकुमार राईलगायत अखिलका विद्यार्थी नेताहरूले उनीहरूलाई सम्मान गरेका थिए । अविर टीका खदा र मायाको चिनोसहित सम्मान गरिएको थियो ।



कार्यक्रममा बोल्ने अधिकाँश वक्ताहरुले नेपालको सामाजिक राजनीतिक जागरण र रूपान्तरणमा विद्यार्थी आन्दोलनले महत्वपूर्ण भूमिका खेलेको इतिहास हामीसामु रहेको स्पष्ट पारेका थिए । विद्यार्थी आन्दोलनसँग जोडिएका त्याग, बलिदानी र संघर्षका कथाहरू इतिहासमा स्वर्ण अक्षरले लेखिएको भन्दैं वक्ताहरुले विद्यार्थी आन्दोलनले जहानियाँ निरंकुश राणाशासनको अन्त्यतिर रुढीवादी नेपाली समाजमा राजनीतिक तथा सामाजिक जागरणको सुरुवात गर्दैं त्यसैको जगमा वाम-प्रजातान्त्रिक आन्दोलनको उठान गर्दै त्यसलाई राष्ट्रव्यापी रूपमा व्यापक बनाउन पनि विद्यार्थी आन्दोलनले स्थापनाकालबाट नै महत्वपूर्ण भूमिका खेल्दै आएको स्मरण गरे ।

विद्यार्थी आन्दोलनको सुरुवाती इतिहास नै बहुआयामिक रूपमा गौरवपूर्ण रहेको उनीहरुको भनाई थियो । २०४६ सालको परिवर्तन विद्यार्थी आन्दोलनकै कारण सम्भव भएको र निरंकुश राजतन्त्र विरोधी आन्दोलन २०६२/६३ सालको परिवर्तनको जगमा विद्यार्थी आन्दोलनको भूमिका रहेको चर्चा गरेका थिए ।

विद्यार्थी आन्दोलनले राजनीतिक परिवर्तनसँगै शैक्षिक तथा प्राज्ञिक आन्दोलन, राष्ट्रियता, जनजीविका र सामाजिक रूपान्तरणमा योगदान गरेको छ । विद्यार्थीकालमा राजनीति सुरु गरेका नेताहरू अहिले विभिन्न तह तप्कामा पुगेर पार्टी र राज्यकै नेतृत्व गरेको वक्ताहरुको भनाई थियो ।

नगर कमिटी अध्यक्ष मदन चिमरियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि महासचिव दीपक धामी, नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य वागमती प्रदेशका पूर्व प्रमुख विष्णुप्रसाद प्रसाईं, अनेरास्ववियु केन्द्रीय कमिटी सचिवालय सदस्य रोशन लामा, केन्द्रीय सदस्य एवम् झापा इन्चार्ज सन्तोष धमला, कोशी प्रदेश संयोजक नारायण पोखेल, झापा जिल्ला संयोजक मदन ओली, नेकपा एमाले मेचीनगर कमिटी अध्यक्ष राजु कार्कीलगायतले बोलेका थिए । कार्यक्रममा विभिन्न विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए ।

अनेरास्ववियू काँकरभिट्टा बहुमुखी क्याम्पसका कार्यवाहक अध्यक्ष संगम बरालले सञ्चालन गरेको कार्यक्रममा सहभागी कोषाध्यक्ष तुलसा खड्काले शब्दमार्फत स्वागत गरेकी थिइन् ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


**आजको राशिफल**

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ